# रुपनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रुपनी, सप्तरी
## २ नं. प्रदेश नेपाल

प.सं.- २०७५/७६
च.नं. -१८१

मिति: -२०७५.०६.१०

**विषय: निर्देशन सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु, शाखा, उप–शाखा, स्वास्थ्य चौकीहरु सबै (मातहतका सम्पूर्ण कर्मचारीहरु),
रुपनी गाउँपालिका, ससरी ।

उपर्युक्त सम्बन्धमा यस रुपनी गाउँपालिका अन्तर्गत शाखा, उपशाखा, स्वास्थ्य चौकी र वडा कार्यालयहरुमा कामकाज गरी रहेका कर्मचारीहरुले कार्यालयको अनुशासन बारम्बार उल्लंघन गरेको जनगुनासो व्यापक रुपमा आएको साथै अनुगमनको क्रममा समेत भटिएकोले अब उप्रान्त रुपनी गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुले देहायका बुँदाहरु पालना हुने गरी सरल, सहज र प्रभावकारी रुपमा सेवा प्रवाह गर्नुहुन जानकारी गराईन्छ । यस कार्यालयको निर्देशनलाई अटेर वा हेलचक्रयाई गरि निर्देशनलाई बेवास्था गर्ने गरेको वा अनुगमनको क्रममा निर्देशन पालना नभएको खण्डमा प्रचलित ऐन, कानुन बमोजिम कार्वाहीको भागीदार स्वम हुनुपर्ने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । उत्कृष्ट ढंगले सेवा प्रवाह तथा कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई पुरस्कृत गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>तपसिल:</u>

१. कार्यालय पोशाक अनिवार्य प्रयोग गर्ने ।
२. कार्यालय समय १०:०० बजे देखि ५:०० बजे सम्म कार्यालयमा उपस्थित रहने, कार्यालयको कामकाजले बाहिर जानुपर्ने भए लगबुकको व्यबस्थापन गर्ने ।
३. परिचय पत्र लगाउनुपर्ने साथै ई-हाजिरी अनिवार्य रुपमा उपस्थित जनाउने ।
४. सेवा प्रवाह मुस्कान सहितको हुनुपर्ने ।
५. विदा लिनु पर्ने भए कर्मचारीहरुले सम्बन्धित शाखा, उपशाखा, वडा कार्यालयबाट सिफारीस लिई विदाको किसिम र तथ्यांक उल्लेख गरी बिस्तृत रुपमा निबेदन बमोजिम विदा स्वीकृत भएमा मात्र विदा बस्ने ।

..................................

रामसुन्दर थापा
प्रमुख प्रशासकीय अधिकृत

: www.rupanimun.gov.np   : rupanigaupalika@gmail.com   021-450035